## सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यू समक्ष
## राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रस्तुत
## ज्ञापन पत्र

सम्माननीय प्रधानमन्त्रीज्यू,

नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरी मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रभावकारी कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको कुरा सम्माननीयज्यूमा विदितै छ । तसर्थ, सो निकायको तर्फबाट सर्बप्रथम यहाँको नेतृत्वको सरकारलाई बधाई दिंदै कार्यकालको सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

संविधान तथा ऐन प्रदत्त जिम्मेवारीलाई प्रभावकारी रुपमा निर्वाह गर्नकालागि आयोग निरन्तर क्रियाशील रहेको कुरा सहर्ष जानकारी गराउन चाहन्छौं । व्यक्ति र समुहको आधारभूत मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने यस महान कार्यमा समर्पित हुने क्रममा आयोगले गरेका क्रियाकलापहरु, आफ्नो कार्य संचालनको सिलसिलामा व्यहोर्नु परेका चुनौति तथा समस्याहरु लगायत मानव अधिकारको वर्तमान अवस्थाको वारेमा जानकारी गराउनु उपयुक्त सम्झी सो सम्वन्धी सम्पूर्ण कुराहरुलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ । विगतका वर्षहरुमा आयोगको गतिविधिहरुलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पर्ने बजेट माग बमोजिम उपलब्ध हुन नसकेता पनि क्रमश: बृद्धि हुँदै आएको तथा आयोगका सिफारिशहरु कार्यान्वयन गर्ने दिशातर्फ क्रियाशिलता नदेखाइएता पनि पछिल्ला दिनहरुमा विभिन्न राजनैतिक दलहरु, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदाय र नेपाल सरकारकोतर्फबाट सम्माननीय प्रधानमन्त्रीहरु स्वयंले पनि ती सिफारिशहरु कार्यान्वयन गर्ने दिशातर्फ उन्मुख रहने प्रतिवद्धता व्यक्त गरेबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दिशामा उल्लेखनीय प्रगति गर्न सकिनेमा आशावादी हुने ठाउँ देखिएको छ । साथै, आयोगले नेपाल सरकारबाट गरेका अपेक्षाहरुलाई समेत बुँदागत रुपमा यहाँ निवेदन गरिएको छ ।

मानव अधिकारको वर्तमान अवस्था

आयोगले नियमित रुपमा गरेको अनुगमनबाट देशमा मानव अधिकारको अवस्था निराशाजनक पाइएको छ । व्यक्तिको स्वतन्त्र रुपमा वाँच्न पाउने, निर्वाध रुपमा आवागमन गर्न पाउने, आफ्नो पेशा व्यबशाय गर्न पाउने तथा शान्तिपूर्वक जीवनयापन गर्न पाउने हक बढी प्रभावित भएको पाइएको छ । दिनानुदिन तराई क्षेत्र र देशका अन्य विभिन्न क्षेत्रमा बढ्दै गएका बन्द हडताल, हत्या, हिंसा, अपहरण, जवरजस्ती चन्दा माग गर्ने, धम्की दिने जस्ता घटनाको वृद्धिले आम नागरिकको जीवन र सुरक्षा अत्यन्त प्रभावित भएको पाइएको छ ।

मानव अधिकारको विषयवस्तुमा अहोरात्र खटिरहेका आमसञ्चारकर्मी र मानव अधिकार रक्षकहरु आफै जोखिममा पर्नु र उनीहरुको सुरक्षा सुनिश्चित हुन नसक्नु ज्यादै दुखको कुरा हुन पुगेको छ । राज्यले नागरिकको जिउधनको सुरक्षाको प्रत्याभूति दिलाउन हरसम्भव उपायहरु अवलम्वन गर्नु पर्ने हुन्छ । संविधान निर्माणको प्रक्रिया अघि बढिरहेको वर्तमान सन्दर्भमा यस प्रकारका घटनाहरुले ठूलो समस्या खडा गर्न सक्ने देखिन्छ ।यसका अतिरिक्त दैनिक उपभोगका वस्तुहरुको आपूर्तिलाई व्यवस्थित गर्न तथा चुलिदै गएको मूल्यवृद्धिलाई नियन्त्रण गर्ने तर्फ पनि सरकारले पर्याप्त दृष्टि दिनु पर्ने देखिन्छ ।शान्ति सुरक्षाको स्थिति दिन प्रतिदिन चुनौतिपूर्ण बन्दै गइरहेको र देशका कतिपय स्थान र क्षेत्रहरुमा नागरिकहरुले सुरक्षाको अनुभूति गर्न नसकिरहेका अवस्थाले त्यहाँ राज्यको उपस्थिति नै महशुश गर्ने अवस्था नरहेको कुरा अनुगमनबाट देखिएका छ।

दण्डहीनता : मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सन्दर्भमा गम्भीर चुनौति

मुलुकमा विद्यमान रहेको दण्डहीनताको स्थिति मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सन्दर्भमा एउटा गम्भीर तगारो हुन पुगेको छ । राज्यले कानून र व्यवस्था कायम राख्नकालागि व्यक्तिलाई उसले गरेको अपराध अनुसार कारवाही चलाई प्रचलित कानून बमोजिम सजायको दायरामा ल्याउनु पर्ने हुन्छ ।यसकालागि कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरुको मनोवल उच्च राख्नु पनि उत्तिकै अपरिहार्य हुन आउँछ भने उनीहरु आफ्नो कर्तब्य प्रति इमान्दार हुन पनि जरुरि छ। व्यक्तिले गरेका आपराधिक क्रियाकलापहरुलाई राजनैतिक संरक्षण प्रदान गरिदा वा उन्मुक्ति दान गरिँदा आमनागरिकमा राज्यप्रति गम्भीर नकारात्मक असर पर्नुका अतिरिक्त सरकारको अन्य कामकारवाहीप्रति पनि नैराश्यताको भावना सृजना गरेको पाइन्छ। तसर्थ मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको निम्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून बमोजिम अपराधको रुपमा परिभाषित गम्भीर मानव अधिकार उल्लंघनका घटना तथा मानवता विरुद्ध संलग्न दोषीहरुलाई कारवाहीको दायरामा ल्याउनै पर्ने हुन्छ। साथसाथै, कारवाहीको प्रक्रियामा रहेका गम्भीर प्रकृतिका मुद्दाहरु सरकारद्धारा फिर्ता लिइनु हुदैन भन्ने कुराप्रति आयोग सम्माननीयज्यूलाई स्मरण गराउन चाहन्छ ।

नेपाल सरकारबाट आयोगले गरेको अपेक्षा

1. आयोगका सिफारिसहरुको कार्यान्वयन गरिनु पर्ने

आयोगले मानव अधिकार हननका विभिन्न घटनाहरुका सम्वन्धमा कानून अनुसार गरेका सिफारिसहरु कार्यान्वयन नभएका कारण पीडित तथा सर्वसाधारणमा नकारात्मक असर पर्दै गएको छ । तसर्थ सरकार मानव अधिकारप्रति संवेदनशील रहेको छ भन्ने प्रमाणित गर्नकालागि समेत आयोगले गरेका सिफारिसहरु बमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारवाही गरिनु पर्ने हुन्छ। साथै, आयोगबाट गरिएका सिफारिसहरु कार्यान्वयनको चरणमा रहेको अवस्थामा सो सम्वन्धी यथार्थ स्थितिको जानकारी यथाशीघ्र यस आयोगलाई दिइनु पर्ने ।

2. आयोगसँग अनिवार्य रुपमा राय परामर्श गरिनु पर्ने बिषयहरु

क) मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषयका विधेयकहरु व्यवस्थापिका संसदमा पेश गर्नु पूर्व आयोगमा पठाई आयोगबाट प्राप्त भएको राय सुझावहरुलाई समेत समावेश गर्ने परिपाटीको विकास गरिनु पर्ने ।

ख) नेपाल पक्ष भएका मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धिउपर नेपालले संयुक्त राष्ट्र संघीय समितिहरुमा पठाउनु पर्ने आवधिक प्रतिवेदनहरु आयोगको रायसुझावको लागि अनिवार्य रुपमा पठाउनु पर्ने । साथै, मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्नु पूर्व आयोगसँग परामर्श गर्नु पर्ने । सो सम्वन्धमा आयोगले गरेका शिफारीसहरुको सम्वन्धमा समयमै सरकारबाट सम्वोधन हुनुपर्ने ।

ग) सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा मानव अधिकार सम्वन्धी विषयका सम्पर्क व्यक्तिहरुलाई स्पष्ट कार्यादेश प्रदान गरी निजहरुको क्षमता अभिवृद्धि गरिनु पर्ने । साथै, त्यस्ता सम्पर्क व्यक्तिहरुलाई राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिबाशी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगायत विभिन्नसरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्यमा रहन निर्देशन दिने ।

घ) मानव अधिकारको संरक्षण र संवर्द्धन सम्वन्धमा सरकारद्धारा विदेशी दातृ संस्थाहरुसँग गरिने सहयोग सम्वन्धी सम्झौतामा हस्ताक्षर गर्नुपूर्व आयोगको परामर्श अनिवार्य रुपमा लिइनु पर्ने ।

ङ) सरकारद्धारा संचालित मानव अधिकार सम्वन्धित राष्ट्रिय कार्य योजनाको तर्जुमा गर्दा आयोगको परामर्श लिनु पर्ने र सो को कार्यान्वयनको अनुगमनको जिम्मा आयोगको हुनुपर्ने ।

३. दण्डहीनताको अन्त्यका लागि तत्काल ठोस कदम चालिनु पर्ने

दण्डहीनताको संस्कृतिको अन्त्यकालागि सरकारले तत्काल ठोस कदम चाल्नु पर्ने देखिन्छ । यसकालागि विधिको शासनको सम्मान गर्ने, सुरक्षा निकायहरुलाई स्रोत र साधन सम्पन्नगर्ने, आयोगका सिफारिसहरुको कार्यान्वयन गर्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकारसम्वन्धी दस्तावेजहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिने, आपराधिक घटनामा संलग्न व्यक्तिलाई राजनैतिक संरक्षण प्रदान नगर्ने, मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवीय अपराधका घटनामा संलग्न दोषीलाई कारवाहीको दायरामाल्याउन सर्वोच्च अदालत तथा राष्ट्रिय मानव अधिकार आयोगका निर्देशन र सिफारीसहरुको कार्यान्वयन हुनुपर्ने, सरकारले अपराधिक प्रकृतिका मुद्दा फिर्ता नलिने आदि लगायत अन्य विभिन्न आवश्यक र उपयुक्त बिषयहरुमा तत्काल कार्यबाही अगाडि बढाउन पर्ने ।

४. संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपालको सम्बन्धमा

तत्कालीन राजा ज्ञानेन्द्रबाट २०६२ माघ १९ गते त्यस वेलाको मन्त्रि परिषदलाई असंवैधानिक रुपमा विघटन गरी निरंकुश तथा असंवैधानिक रुपमा राज्यको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाली जनताको नागरिक तथा राजनीतिक अधिकारहरुको चरम उल्लंघन भईरहेको अवस्था र अर्कोतिर तत्कालीन समयमा सशस्त्र संघर्षमा रहेको ने.क.पा(माओवादी) बाट समेत मानव अधिकार तथा मानवीय कानूनको गम्भीर उल्लंघन भईरहेको सन्दर्भमा उल्लेखित विषयहरुलाई सम्बोधन गरी नेपाली जनताको नागरिक तथा राजनीतिक अधिकारहरु लगायत मौलिक स्वतन्त्रताहरुको रक्षार्थ अन्तर्राष्ट्रिय समुदाय विशेष गरी मानव अधिकारको विषय हेर्ने संयुक्त राष्ट्र संघीय निकायलाई नेपालमा बोलाउने विभिन्न क्षेत्रबाट पहल भए बमोजिम ०६२ को जुन महिनामा तत्कालीन सरकारसँग सम्झौता भई मानव अधिकारको लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय नेपालमा स्थापना भएको थियो । उक्त कार्यालयलाई मुख्य गरी मानव अधिकार उल्लंघनका घटनाहरुको अनुगमन, तथ्य अनुसन्धान गर्ने र मानव अधिकारको विषयमा राष्ट्रिय मानवअधिकार आयोगको क्षमताअभिबृध्दि गर्न सहयोग पुर्‍याउने आदिजिम्मा दिएको थियो ।

यसै क्रममा राष्ट्रिय मानव अधिकारआयोग नेपाल स्थित उक्त कार्यालय को विचमा भएको लिखित सहमति बमोजिम नेपाल स्थित उच्चायुक्तको कार्यालयले त्यस उप्रान्त मानव अधिकारको उल्लंघनका घटनाहरुकोअनुसन्धान गर्ने जिम्मेवारि वहन नगर्ने उक्त कार्य राष्ट्रिय मानव अधिकार आयोगले मात्र गर्ने आदि मुख्य सहमति पश्चात हाल उक्त कार्यालयसँग मानव अधिकार उल्लंघन घटनाहरुको अनुगमन तथा प्रवर्धन कार्यक्रमहरु गर्ने मात्र जिम्मेवारी रहेको देखिन्छ । यस विचमा राजनीतिक रुपमा आमुल परिवर्तन भई नागरिक सरकार गठन भई मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु बृहत रुपमा संविधानमा समावेश भएको तथ राष्ट्रिय

मानव अधिकार आयोग समेत संवैधानिक अंगका रुपमा स्थापित भईसकेको अवस्थामा एकातिर छ भने उच्चायोगका नेपाल स्थित कार्यालयले पछिल्लो पटक गर्ने भनी निश्चित गरिएको कार्यादेश राष्ट्रिय मानव अधिकार आयोग लगायत नेपालमा क्रियाशील रहेको गैर सरकारी संस्थाहरुले नै गर्न सक्ने तथा गरिरहेको अवस्था विद्यमान छ ।

वर्तमान संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक रुपमा स्थापित गरी मानव अधिकारको संरक्षण, सम्बर्द्धन, सम्मान तथा कार्यान्वयन समेतको जिम्मेवारी तोकिएको अवस्थामा उक्त अधिकारहरु प्रयोग गर्न नेपालमा कुनैपनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरु स्थापना हुन नसक्ने तथा आयोगको संवैधानिक दायित्व तथा अधिकारहरुलाई सीमित हुने गरी कुनै निकाय रहन नहुने कुरा समेत स्मरण गराउन चाहन्छौं ।

५. आयोगलाई पर्याप्त स्रोत साधन उपलव्ध गराउनु पर्ने

मानव अधिकारको सम्वन्धमा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धतालाई व्यवहारमा कार्यान्वयन गर्न राज्यले पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ । त्यसकालागि राज्यले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहेका निकायहरुलाई स्रोत साधनले सम्पन्न बनाई त्यस्ता संस्था वा निकायहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगलाई अझ बढी प्रभावकारी बनाउन, यसको क्षमता अभिवृद्धि गर्न र आयोगको पहुँच विस्तार गर्न आयोगलाई भवन, आर्थिक तथा प्राविधिक सहायतालगायत पर्याप्त मानवीय स्रोतको सुनिश्चितता गरिनुपर्ने ।

यसै सम्वन्धमा हाल आयोगको केन्द्रीय कार्यालयको अतिरिक्त विराटनगर, पोखरा, नेपालगञ्ज, धनगढी र जनकपुरमा क्षेत्रीय कार्यालयहरु तथा खोटाङ्ग, वुटवल र जुम्लामा अस्थायी प्रकृतिका सम्पर्क कार्यालयहरुमार्फत आयोगले आफ्नो कार्य गर्दै आएको छ । मुलुकका विभिन्न क्षेत्रबाट आयोगको सेवाको विस्तारको लागि माग भई आएको र तराई लगायतका क्षेत्रमा देखा परेको मानव अधिकार उल्लंघनको अवस्था उपर समेत दृष्टिगत गरी इलाम, काठमाडौं, दाङ्ग, खोटाङ्ग, वुटवल र जुम्लामा उपक्षेत्रीय कार्यालयहरु (उपक्षेत्रीय कार्यालयहरुले काम शुरु गरेपछि सम्पर्क कार्यालयहरु त्यसैमा गाभिने गरी) स्थापना गर्ने योजना रहेको समेत सादर अनुरोध गर्दछौं ।

६. द्वन्द्वपीडित, वेपत्ता तथा विस्थापित भएका व्यक्ति सम्वन्धमा

द्वन्द्वपीडित, विस्थापित, वेपत्ता भएका व्यक्ति लगायत घर-जग्गा र सम्पति कब्जाबाट पीडित तथा तिनका परिवारहरुलाई यथोचित न्याय, परिपुरण र क्षतिपूर्ति प्रदान गर्ने सम्वन्धमा आवश्यक संयन्त्रको अविलम्व व्यवस्था हुन उपयुक्त देखिएको व्यहोरा समेत उल्लेख गर्दछौं ।

७. महिला, बालबालिका र सिमान्त समुदायहरु माथि भइरहेको हिंसा सम्वन्धमा

हालसालका दिनहरुमा समाजमा बढ्दै गएका हिंसा र अपराधहरुका कारण बालबालिका, महिला र सिमान्तकृत समुदायका मानिसहरु सबैभन्दा बेसी पीडित हुन पुगेका सम्वन्धमा सो बिषयमा सम्बेदनशिल भई त्यस्ता अपराधको रोकथाम र नियन्त्रण गरिपडिकलाई कानून मुताविक कार्यबाही र पीडित समुदायको हकहित संरक्षणको निम्ति तदारुक्ताका साथ कदम चाल्नु पर्ने ।

८. सुकुम्वासी, भूमीहिन तथा हलियाको हकहित सम्वन्धमा

सुकुम्वासी, भूमीहिन तथा हलिया, कमैया तथा बादी समुदायको हकहित संरक्षणको निम्ति बिगतमा भएका सम्झौताहरुलाई ऐन, नियम, नीति बनाई ब्यबहारमा कार्यान्वयन हुनुपर्ने ।

९. खाद्य सुरक्षा र ब्यबस्थापन सम्वन्धमा

खडेरी, अतिबृष्टी तथा प्राकृतिक प्रकोप लगायत खाद्यअभावको कारण कतिपय हिमाली र सुदूर पहाडी जिल्लाहरुमा भोकमरी तथा खाद्य संकटको अवस्था देखापरेकोहुँदा सो बिषयमा सम्वेदनशिल भई सो क्षेत्रमा तत्काल आपतकालीन राहत प्रदान गरी खाद्य सुरक्षाको ब्यबस्था सुदृढ गर्नुपर्ने ।

१०. बन्द, हडताल र चक्काजामको रोकथाम सम्वन्धमा

जन साधारणको जिवन, जीविका, सुरक्षा लगायत पेशा व्यवसायको अधिकार, स्वतन्त्र रुपमा आवत-जावतको अधिकार र बिद्यार्थीहरुको पढ्न पाउने अधिकार, बिरामी हुँदा ओखती उपचार गर्न पाउने आधारभूत अधिकारहरु नै उल्लंघन हुने गरी गरिएका सम्पूर्ण बन्द हडताल र चक्काजाम जस्ता कृयाकलापहरुलाई तत्काल बन्द गरी आन्दोलनकारीहरुका मागलाईतत्काल सम्वोधन गर्न सम्वाद संयन्त्रहरुको ब्यबस्था गर्नु पर्ने।

अन्तमा, नेपालमा बिगतका सरकारहरुबाट भएका उपलब्धी र कमजोरीहरुबाट शिक्षा प्राप्त गरी आगामी दिनहरुमा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको निम्ति यहाँकोनेतृत्वको सरकारले सकारात्मक योगदान दिने आशा गर्दै सो कार्यको निरन्तर अनुगमन आयोगले गर्नेछ।उपरोक्त उद्धेश्य प्राप्तिको निम्ति राज्यको मानव अधिकार सम्वन्धी संवैधानिक निकायको हैसियतले यस आयोगेल सरकार लगायत सबै सरकारी वा गैरसरकारी संघसंस्थाहरुसंग सहकार्यको निम्ति आफ्नो प्रतिवद्धता ब्यक्त गर्दछ ।

आयोगको तर्फबाट,

| | |
|---|---|
| .................................. | .................................. |
| अध्यक्ष, केदारनाथ उपाध्याय | सदस्य, राम नगिना सिंह |
| .................................. | .................................. |
| सदस्य, गौरी प्रधान | सदस्य, डा.लीला पाठक |

..................................

सदस्य, डा. के.बी.रोकाया

मितिः २०६६।३।१२